# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
२०१६

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७४ असार १९ गते, सोमबार**

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालले आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण सम्बन्धमा नेपाल राष्ट्र बैंकका गर्भनर श्री चिरञ्जिवी नेपाल, सो बैंकका उच्च पदाधिकारीहरु तथा लेखापरीक्षकहरुसँग छलफल गर्नुभयो । छलफलका क्रममा महालेखापरीक्षकले नेपाल राष्ट्र बैंकलाई लेखापरीक्षणको कार्यमा सहयोग गर्न, आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत पार्दै नियमनकारी कार्यलाई प्रभावकारी बनाउन निर्देशन दिनुभयो ।

त्यसैगरी महालेखापरीक्षकज्यूले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री शंकर प्रसाद अधिकारी सहितको टोलीसँग नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम, नेपाल पर्यटन बोर्ड, पशुपति क्षेत्र विकास कोष तथा अन्तर्गतका निकायहरुमा लेखा, लेखापरीक्षण, आन्तरिक नियन्त्रण तथा अन्य विषयमा देखिएका समस्याहरु बारे समेत छलफल गर्नुभयो ।

त्यसक्रममा ती कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्ने, आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउने, तोकिएको ढाँचामा समयमै वित्तीय विवरणहरु तयार गरी समयमै लेखापरीक्षण सम्पन्न गराउने र बक्यौता लेखापरीक्षण भाद्र मसान्त भित्रै सम्पन्न गर्ने गरी काम कारबाही गर्न निर्देशन दिनुभयो ।

..........................
(उद्धबचन्द्र श्रेष्ठ)
नायव महालेखापरीक्षक